**मिति २०७१।५।९ गते**

निर्णय नं.१  आ.व. ०७०/०७१मा यस जिल्लामा संचालित समग्र जिल्ला विकास कार्यक्रमको तेस्रो तथा जिल्ला स्तरीय वार्षिक प्रगति समीक्षा वैठक उल्लेखित उपस्थितिमा सम्पन्न गरियो । प्रगति र समीक्षाको क्रममा जिल्लामा देहाय वमोजिम भएको पाईयो ।

१.१ जिल्ला स्थित विषयगत  कार्यालयहरु र विकास साझेदार गै.स.स हरुले यस अवधिमा संचालित कार्यक्रमहरु वार्षिक लक्ष्य मुताविक नै अधिकाशं कार्यालय, सघ.सस्थाहरुले ९० प्रतिशत भन्दा वढि भौतिक तथा वित्तीय प्रगति गरेको पाईयो ।

१.२.. सवै जसो कार्यालयहरुले प्रथम तथा दोस्रो चौमासिक अवधिमा गर्नु पर्ने कार्यक्रमहरु तेस्रो चौमासिकमा आएर पुरा गरेको पाईयो ।

१.३ जिल्ला विकास समितिको कार्यालय तर्फ वजेट सिलिडग अनुसार रकम प्राप्त नहुने र पुर्व अनुमानित आय वमोजिम यथार्थ आय नहुदा कार्यक्रम र वजेटको तालमेल नभएको देखियो । जिल्ला वार्षिक योजनामा लेखिए अनुसार रकम उपभोक्तहरुले नपाउदा योजना सम्झौतामा समस्या आएको पाईयो।

१.४ आयोजनाहरुको संख्या वढी हूदा सवै अयोजनाहरुको अनुगमन गर्न नसकिएको जानकारी भयो ।

१.५ केही कार्यक्रको वजेटहरु आ.व. को अन्तमा निकासा हुदां कार्यान्वियन प्रभावकारी हुन नसकेको टिप्पणी गरियो ।

१.६ जिल्ला प्रविधिक कार्यालयमा प्राविधिक पदहरु र जि.वि.स. को कार्यालयमा गा.वि.स. सचिव पदहरु धेरै संख्यामा (२०).वटा रिक्त हुदा सेवा प्राप्तिमा कठिनाई भएको पाईयो ।

१.७ आ.व. ०६९/०७० को न्यूनतम सर्त र कार्य संम्पादन मापन (mअऊ) तर्फ ४५ वटा गा.वि..स. उत्तीर्ण भएका र १७ वटा गा.वि.स. अनुत्तीर्ण भएका तथा जि.वि. स . को कार्यालय उत्तीर्ण भएको जानकारी भयो

१.८ जि.वि.स. को कार्यालयले पेश्की वेरुजु फछर्यौट तर्फ न्यूनतम मापदण्ड वमोजिम (४९प्रतिशत ) गरेको पाईयो ।

१.९ जि.वि.स.को कार्यालयमा विद्युत आपुर्तिमा निरन्तरता नहुदा सेवा प्रवाहमा सरलता ल्याउने उद्देश्यले वैकल्पिक उर्जाको व्यवस्था भएको तर क्षमता कमि भएकोले कार्यालयका सवै कक्षमा विद्युत व्यवस्था नभई सेवा प्रवाहमा कमि आएको पाईयो ।

१.१० प्राप्त वजेटको आधारमा मात्र आयोजना तर्जुमा गर्नु पर्नेमा वजेट प्राप्त हुने सम्भावना पनि आयोजना तर्जुमा हुदा आयोजना कार्यान्वियनमा  समस्या भएको देखियो ।

१.२.१ जिल्ला शिक्षा कार्यालयका जि.शि.अ.सरुवा भई सकेको र नयां जि.शि.अ. जिल्लामा आई नसकेकोले निमित्त द्धारा प्रगति प्रस्तुत भयो  तर समीक्षकहरुका प्रश्न तथा जिज्ञासाहरुको जवाफ आएन ।

१.२.२ जिल्ला शिक्षा कार्यालय तर्फ पूर्वाधार विकास एवं शिक्षकहरुको तलव भत्ता र प्रशासनिक खर्च गर्दा करिव १ अर्व भन्दा वढी खर्च भएको देखियो । यति ठूलो खर्च वाट शैक्षिक उपलव्धिको रुपमा वुझिने एस. एल.सी. को नतीजामा जिल्लाका ८ वटा विद्यालयहरु शून्य स्थितिमा रहनु र समग्रमा (       प्रतिशत) मात्र नतीजा प्राप्त हूदा प्रगति राम्रो मान्न सकिएन ।

१.२.३ यसै गरी पुर्वाधार तर्फ पनि वजेट निकासा अषाढमा भएको र सम्वन्धित विद्यालयहरुमा रकम पठाई खाता रोक्का गरिएको नि.जि.शि.अ. वाट जानकारी भयो ।
१.२.४. शैक्षिक गुणस्तरका साथै परिमाणात्मक नतीजाका लागी शिक्षा कार्यालयको ध्यानाकर्षण गर्ने स्रोतव्यक्तिहरुले राम्रो सगं निरन्तर अनुगमन गर्नु पर्ने देखियो । साक्षर अभियान कार्याक्रम पनि प्रभावकारी हुन नसकेको टिप्पणी भयो ।
१.२.५ शिक्षा क्षेत्रमा जिल्ला शिक्षा कार्यालयवाट गरिएको लगानीका अतिरिक्त सघं संस्था यूनिसेफ , यूएनएफपिए ,डव्लु एफ पि, जस्ता वैदेशिक संस्थाहरु र स्थानीय निकायहरुको समेत विशेष लगानी हुदा पनि शैक्षिक क्षेत्र नसुध्रिएको गुनासो भयो ।
१.२.६. जिल्ला शिक्षा समिति छिटो गठन हुनु पर्ने सुझाव प्राप्त भयो र समिति गठन नहुदा दरवन्दी मिलान जस्ता कार्यहरु अवरुद्द भएको टिप्पणी भयो ।
१.३.१ जिल्ला स्वास्थ्य कार्यालय तर्फ करिव १६ करोड रकम यस आ.व.मा खर्च भएको र वार्षिक लक्ष्य अनुसार नै प्रगति हासिल भए पनि प्रस्तुतिका क्रममा महिला स्वयं सेविकाहरुले सुत्केरी महिलाहरुलाई नछुने र कतै त अनमीहरुले पनि नछुने गरेको जानकारी गराएकोले स्वस्थ्य सेवा प्रभावकारी नभएको र कर्मचारी सेवाका लागि भन्दा पनि देख्नका लागि जस्तो भएको टिप्पणी भयो ।
१.३.२ एकै आ.व.मा वाल मृत्यु ७५ जना र मृत वच्चा जन्मेको सख्या ७९ रहेको र एक आमाको मृत्यु भएको प्रस्तुतिका क्रममा जानकारी गराईयो । यस्ता तथ्याकंहरुले स्वास्थ्य सेवालाई नाजुक भएको प्रमाणित गर्ने हुदा मात्र शिशु शुरक्षा कार्यक्रम प्रभावकारी गराउनु पर्ने टिप्पणी भयो ।

१.३.३ स्वास्थ्य सेवा लाई प्रवाहकारी वनाउन सर्व प्रथम सचेतना कार्यक्रमलाई अझ विस्तार र प्रभावकारी गराउनु पर्ने देखियो ।
१.३.४ स्वास्थ्य संस्थाहरुको संख्यात्मक बृद्धि, स्तर बृद्धि र प्रशुती कक्ष तथा व्रथिङ. सेन्टर थपिदै गए पनि आमा र वच्चाको स्वास्थ्यमा सुधार नदेखिएकोले यस तर्फ सचेत हुन जिल्ला स्वास्थ्य कार्यालयलाई निर्देशन दिइयो।
१.४.१. जिल्ला पशु सेवा कार्यालय वाट सम्पादित कामहरु प्रगति विवरणमा वार्षिक लक्ष्य अनुसार प्रगति गरेको देखाईए पनि गोष्ठी, तालिम, वाखा , रागा, वितरण र आर्थिक सहयोग गर्ने जस्ता कार्यक्रमहरु कहिले गरिए, कहां गरिए, सहभागी को को भए र को कसले वुझे, पाए भन्ने कुराहरु र सहभागीका जिज्ञासा पूर्ण नभएकोले त्यस्तो विवरण खुलाई तुरुन्त जि.वि.स.मा पेश गर्न लगाउने र सवै राजनीतिक दलहरुलाई उपलव्ध गराउनु पर्ने निर्देशन दिईयो ।
१.५.१ सिचांई सव डिभिजन कार्यालय वाट सम्पादन गरिएका कार्यक्रम तथा आयोजनाहरु वार्षिक लक्ष्य अनुसार सवै सम्पन्न भएको देखियो, तर पाटन पौडी सिचांई आयोजनामा पाईप जडानको कार्य गर्न जग्गा उपलव्ध नभएकोले थोरै काम अधुरो रहेको पाईयो ।
१.५.२ पाचं छ वर्ष पहिले लागत तयार गरिएका आयोजनाहरु अप्राईजल मुताविक सम्पन्न भए पनि व्यवहार परक रुपमा सम्पन्न नभएकोले वाकी कामका लागी कार्यक्रम वनाई आगामी आ.व.मा पुरा गर्ने निर्देशन दिईयो ।

१.५.३ स्थानीय समस्याका कारण रोकिएका कामहरु पुरा गर्नका लागि राजनितिक दलहरुले समन्वय गरी समस्याको समाधान गर्नु पर्ने समीक्षा भयो ।
१.६.१ जिल्ला वन कार्यालय तर्फ कार्यालय प्रमुख उपस्थित नभई निमित्त द्वारा प्रगति पस्तुत भयो प्रस्तुतिका कममा लामो समय सम्म कार्यालय प्रमुख नखटाएको र निमित्तलाई खार्थिक अधिकार पनि नभएकोले कार्यक्रमहरु पुरा गर्न नसकिएको जानकारी गराईयो ।

१.६.२. कार्यालय प्रमुखको सरुवा भएपछि अर्को प्रमुख तुरुन्त पठाउनु पर्ने र सके सम्म अन्य वैकल्पिक उपाय अवलम्वन गरेर भएपनि वार्षिक कार्यक्रम भित्र परेका सवै कार्यक्रमहरु समयमै सम्पन्न गरी वजेट फ्रिज नगर्न निर्देशन दिईयो ।
१.७.१ जिल्ला भुसंरक्षण कार्यालयले जिल्ला भित्र धेरै संख्यामा स-साना भुसंरक्षणका कार्यक्रमहरु संचालन गरेको पाईयो । कार्यक्रम धेरै भएकोले अनुगमन हुन नसकेको र कार्यक्रहरु सामुदायिक स्तरको भन्दा व्यक्तिगत रुपका भएकाले त्यसको प्रभावकारिताका लागी पुनः अनुगमन गर्नु पर्ने र आगामी वर्षहरुमा जलाधार क्षेत्रहरुको प्राथमिकता तोकी नितिगत रुपमा कार्यान्वयन गर्न सुझाव दिईयो ।
१.८.१ जिल्ला कृषि विकास कार्यालयले गरेको भौतिक र वित्तिय दुवै कार्य प्रगति राम्रो भएपनि, कृषि जन्य वस्तुहरु (वाली, तरकारी, फलफूल) को आयात प्रति स्थापन र निर्यात प्रर्वधन गर्ने सोचले गरिएको कार्यक्रमहरु राम्र भएपनि प्रस्तुत तथ्याकं र विवरणहरुमा विश्वसनीयता को कमी देखिएकोले यसलाई एक नीतिगत रुपले व्यवहार परक र तथ्यगत वनाई जिल्लाको वास्तविक स्थितिलाई उजागर गर्न सुझाव दिईयो ।
१.८.२ कृषि प्रविधिकहरु आ आफ्नो स्थान (केन्द्र) मा वसेर सेवा दिनु पर्ने र थप जनशक्तिको समेत व्यवस्था गरि कृषकहरुलाई सेवा दिनु पर्ने र जीवनको मूल आधार कृषि भएकोले यस तर्फ विशेष ध्यान राखी कार्यक्रम संचालन गर्नू पर्ने र स्थानीय निकायहरुवाट कृषि क्षेत्रमा छुट्याइएको रकमवाट के कस्ता कार्यहरु गरिए सो समेतको विवरण पेश हुनु पर्ने सुझाव दिईयो ।

निर्णय नं. २ समीक्षाको कममा कार्यालयहरु अनुपस्थित रहनु र कार्यालय प्रमुखको अनुपस्थितिमा निमित्त द्वारा प्रगति प्रस्तुत गरिदा सहभागी हरुको (समीक्षक) जिज्ञासा एव प्रश्नको जवाफ दिन नसकेकोले वस्तुस्थितिको जानकारी पाउन नसकिएको हुदा तपसिलका अनुपस्थित कार्यालयहरु र प्रतिनिधि पठाउने कार्यालयहरुले जिल्ला प्रशासन कार्यालयको समन्वयमा जि.वि.स.ले तोकेको मितिमा सार्वजनिक सुनवाई गरी जनतालाई जानकारी गराउने निर्णय गरियो ।
तपसिल

१. सडक डिभिजन कार्यालय पाटन वैतडी,
२ आवास तथा भवन डिभिजन कार्यालय वैतडी,
३ महिला तथा बालबालीका विकास कार्यालय, पाटन वैतडी
४ जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, वैतडी
५ नेपाल विद्युत प्राधिकरण, वैतडी
६ सहकारी डिभिजन कार्यालय, वैतडी

निर्णय न.३ प्र.जि.अ. /राजनितिक दल / शिक्षण संस्था/ नागरिक समाज/ पत्रकार/ अन्य उपस्थित महनुभावहरु  वाट समष्टिगत रुपमा प्राप्त सुझावहरु तपसिल वमोजिम भएको ।

- समीक्षा गोष्ठीलाई प्रभावकारी वनाउनु पर्ने ।
- कार्यालय प्रमुखहरुको उपस्थिति न्यून रहेको ।
- प्रस्तुत तथ्याकंमा शका उव्जेको ।
- रकम फ्रिजको कारण नखुलेको।
- धेरै प्रतिशत घटेर ठेक्का दिन नहुने ।
- आधारतह थाहा नभएकोले थप प्रगति वुझ्न नसकिएको ।
- जिल्ला स्थित कार्यालय एवं स्थानीय निकायहरुमा रिक्त पदहरु पूर्तिका लागि तु व्यवस्था गर्नु पर्ने ।
- आयोजनाहरुको गुणस्तरीय काम नभएको ।
- समीक्षाका कारण जिल्लाको समग्र विकासको रुपरेखा थाहा भएको ।
- शिक्षा र स्वास्थ्यको स्थितिमा थप सुधार आवश्यक रहेको ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन राम्रो नभएको ।
- गै. स.स. हरुले गरेका कार्यहरु  विषयगत कार्यालयहरुको प्रगतिमा समावेश हुनु पर्ने ,
- प्रगति प्रस्तुत गरिदा नराम्रा पक्ष देखाईएन ।
- राजनितिक दलहरुको समन्वयात्मक स्थितिले काम गर्न सघाउ पुगेको।
- गाउं विकास समितिहरुको छुट्टै समीक्षा हुनु पर्ने ।
- कुन कार्यालय / सघं सस्थाहरुले सम्वन्धित गा.वि.स.हरुमा के कस्तौ कार्य गरेका छन् भन्ने कुराको जानकारी ति ति गा.वि.स. हरुवाट पनि लिनु पर्ने  ।
- अनुपस्थित कार्यालय प्रमुखहरुले सार्वजनिक सुनवाई गरी जनतालाई प्रगतिको जानकारी गर्नु पर्ने ।
- कार्यालय प्रमुखको सरुवा भए पछि अर्को कार्यालय प्रमुख सम्वन्धित निकायले तुरुन्त पठाउनु पर्ने देखियो ।
- वजेट सिलिड. अनुसार नै अख्तियारी आउनु पर्ने ।
- जिल्ला स्थित कार्यालयहरु र स्थानीय निकायमा रिक्त पदहरु पूर्ति गर्नु पर्ने ।
- योजनाको लागत अनुसार वजेट विनियोजन हुनु पर्ने ।
- सेवा केन्द्र  /उप केन्द्रहरुमा  कृषि/ पशु प्राविधिक जनशक्तिको व्यवस्था गर्नु पर्ने ।

निर्णय न. ४ गै.स.स. सघं सस्थाहरुले जि.वि.स. मार्फत  अनुदान पाएकाहरुवाट मात्र कार्यक्रम प्रस्तुति भएको देखियो ,अन्य सघं संस्थाहरुको वार्षिक कार्य प्रस्तुत नभएको  ,भुमेश्वर सामुदायिक विकास संस्था वाट कार्यक्रम प्राप्त भएको तर प्रस्तुति नभएको ।

निर्णय नं. ५ प्राप्त सुझावहरुको कार्यान्वयनको लागी जि.वि.स. लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ समीक्षाका अध्यक्ष एवं स्थानीय विकास अधिकारी वाट वार्षिक लक्ष्य र चौमासिक विभाजन अनुसार कार्यक्रम कार्यान्वयन गर्न जानकारी गराउनु भएको  र तेस्रो चौमासिकमा आएर भएपनि  सम्पूर्ण कार्यक्रमहरुको प्रगति प्रस्तुत गर्नु भएकोमा सरकारी एवं गै.स.स. कार्यालय प्रमुखहरुलाई  धन्यवाद तथा समीक्षकको रुपमा रहनुहुने प्रमुख जिल्ला अधिकारी लगायत अन्य कार्यालयहरु राजनितिक दलका प्रमुख एवं प्रतिनिधिहरु शिक्षण संस्थाका प्रमुखहरु नागरिक समाजका प्रतिनिधिहरु सवैले सक्रीय सहभागिता जनाई समीक्षा गोष्ठीलाई  प्रभावकारी वनाउनु भएकोमा सवैलाई धन्यवाद दिनुहुदै समीक्षा गोष्ठीको समापन गर्नु भयो ।

## मिति २०७१।५।१० गते

निर्णय नं. १ यस जिल्लामा आ.व. ०७०/०७१ मा बैदेशिक दातृ संस्थाहरु बाट संचालित कार्यक्रमहरुको छुट्टै समीक्षा गरियो, समीक्षाको क्रममा देहाय बमोजिम भएको पाइयो ।

१.१ यस जिल्लामा बैदेशिक सहयोग अन्तरगत भारतीय राजदुतावासको सहयोगमा  सेठी गाँउ उच्च मा.वि. भवन निर्माण २ वटा, छात्रावास भवन १ वटा, शिक्षक आवास भवन र अर्को एक क्याम्पस भवन गरी जम्मा ४ वटा भवन निर्माण सम्पन्न अवस्थामा छन् । उक्त भवनहरु आर्थिक वर्ष ०६६/०६७ मा शुरु भई आ.व. २०६८/०६९ भित्र सम्पन्न हुनुपर्नेमा ठेक्का सम्झौता पश्चात निर्माणका लागी योजना स्थलमा पुग्दा जग्गा विवादले गर्दा अर्को ठाउमा सार्नु परेको  र करिब ९५ लाखको थप व्ययभार योजनामा परेकाले थप गर्नु पर्ने रकमको व्यवस्था समयमानै हुन नसक्दा यस अवधी सम्म पनि योजना फरफारक गर्न नसकिएको तर भौतिक निर्माण कार्य सम्पन्न भएको समीक्षा भयो, योजनाको विवरण निम्न बमोजिम छ ।

१) योजनाको नाम : सेठी गाँउ उच्च मा.वि. भवन निर्माण, गोकुलेश्वर
२) योजना सम्झौता मिति : २०६६/१२/२०
३) ठेक्का नं. ०१/०६६/६७
४) ठे. अंक २९६५५९७५(०१ पु.न. Revised: ३७२९७८६४.८०
५) दुतावासबाट प्राप्त सहयोग : रु. २७७७७७४२
६) थप व्ययभार रु. ९५२०१२२
७) हाल सम्म भुक्तानी  रु. ३४२३३६८०.५६
८) भुक्तानी बाँकी रु. ३०६४१८४.२४

२. ग्रामिण जलस्रोत परियोजना (RVWRMP)

यस जिल्लामा बैदेशिक श्रोत अन्तरगत फिनलेन्ड सरकारको सहयोगमा संचालित (RVWRMP) परियोजना बाट तपसिल बमोजिमका कार्यहरुमा तपसिल बमोजिमको बजेट रकम खर्च भएको जानकारी गरियो ।

२.१ खानेपानी योजना अन्तरगत १४ वटा खा.पा. योजनाहरु सम्पन्न गरिए, जस्मा ९७० वटा घरधुरी लाभान्वित भए र रु. १७०५६६३९.९२  खर्च भयो ।

२.२ बहुउद्देशिय योजना ८ वटा सम्पन्न भएका र जस्मा २५६ वटा घरभुरी लाभान्वित भए र रु. ७१८१०५६ खर्च भयो ।

२.३ सार्वजनिक शौचालय निर्माण अन्तरगत ९ वटा योजना सम्पन्न भएका र ९ वटा घरभुरी लाभान्वित भए र रु. १२२५२११.०१ खर्च भयो साथै विभिन्न तालिम अनुगमन आदीमा गरी कुल ३६०६३९७३.४४ खर्च भएको जानकारी गरियो ।

३. संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA)

संयुक्त राष्ट्र जनसंख्या कोषले आ.व. २०७०/०७१ मा जिल्ला विकास समितिको कार्यालयसंगको साझेदारीमा जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय र महिला तथा बालबालिका कार्यालयको पहलमा जनसंख्या गतिशिलता, यौन तथा प्रजनन् स्वास्थ्य लैंगिकतामा आधारित हिंसा र अन्य हानिकारक परम्परागत चलनहरु रोकथाम सम्बन्धी कार्यक्रम भएका थिए । जस अन्तरगत स्थानीय योजना तर्जुमा प्रकृयामा युवा महिला तथा पछाडी परेका समुदायको अर्थपूर्ण सहभागिता सम्बन्धी तालिम, जिल्ला तथा गा.वि.स. स्तरिय युवा संजाल गठन तथा परिचालन, जिल्ला पार्श्व चित्र तयार, जिल्ला विकास आवधिक योजना तर्जुमा प्रक्रियामा सहयोग, जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणाली सुद्धिढिकरण, स्वास्थ्य कर्मीको क्षमता विकास सम्बन्धी तालीम, वर्थिङ सेन्टर सुद्रिढिकरणमा सहयोग, महिला स्वयम सेविकाहरुलाई विभिन्न अभिमुखीकरणहरु , किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सेवा सवलीकरण स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आधारभुत तालीम, माद्यमिक तहका जनसंख्या तथा स्वास्थ्य विषयका सम्पूर्ण शिक्षकहरुलाई किशोर किशोरी हरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि तालीम अभिमुखिकरण, किशारी वृत गठन परिचालन, बाल विवाह, छाउपडी रोकथाम जस्ता कृयाकलापहरु सम्पन्न भएका थिए र यि कृयाकलापहरु सम्पन्न गर्नका लागी यस आ.व. मा जम्मा रु. ९००६४५४.०० ( अक्षरेपी नब्बे लाख छ हजार चार सय चौपन्न मात्र) खर्च गरिएको जानकारी गरियो ।

४. स्थानीय सासन तथा सामुदायिक कायक्रम (LGCDP)

स्थानीय सासन तथा सामुदायिक विकास कार्यक्रम ६२ वटा गा.वि.स. मा संचालन भएको थियो । जसमा ६२ गा.वि.स. मध्ये ६० वटा गा.वि.स. सामाजिक परिचालक निरन्तर कार्यरत रहेको आ.व. ०७०/०७१ मा सामाजिक परिचालनमा खर्च भएको बाहेक थप जिविको सुधार (LIP) कार्यक्रम अन्तरगत ३५ वटा DAG मा परेका VDC मा रु १००००० एक लाख का दरले खर्च गरिएको र साना सामुदायिक पुर्वाधार विकास कार्यक्रम (SPMA) अन्तरगत १६ वटा VDC मा कार्यक्रम संचालन रहेको र उक्त कार्यक्रममा जम्मा रु १८०२९००० (एक करोड अस्सी लाख उन्तीस हजार मात्र) खर्च भएको जानकारी गरियो ।

५. यस जिल्ला भित्र तपसिल बमोजिमका गैर सरकारी संस्थाहरुले आफ्नो संस्थाले गरेको कार्यक्रमको समीक्षा गरियो ।

गैर सरकारी संथाकाृ नामः

१) साडा

२) अनिरुद्र ग्रामिण सेवा केन्द्र

३) स्वदेश

४) RCDC

५) इकार्डस नेपाल

६) त्रिवेणी

७) सेवा

८) स्नेही महलिा जागरण केन्द्र

यि माथि उल्लेखित गैर सरकारी संथाहरुले विशेष गरी गरिवी निवारण कोष कार्यक्रम, ग्रमिण जलस्रोत परियोजना संग सम्बन्धित कार्यक्रमहरुको मात्रै प्रश्तुती करण गरेको थिए । साथै भुमेश्वर कामुदायिक विकास संघ, बैतडी ले प्रश्तुतीकरणमा भाग नलिई आफ्नो संस्थाले गरेका कार्यक्रमको प्रगती प्रतिवेदन यस कार्यालयमा पेश गरेको पाइयो ।

स्नेही महिलाा जागरण केन्द्र आफ्नो क्रियाकलाप पारदर्शि गर्नु पर्ने टिप्पणी गरियो र सवै संस्थाहरुको प्रगति राम्रो रहेको पाईयो ।